# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।०२ गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी लक्ष्मण शाहीसमेत रहेको सरकारी कागजात सच्याई परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यातायात व्यवस्था कार्यालय धनगढी, कैलालीका तत्कालीन निमित्त कार्यालय प्रमुख लक्ष्मण शाही समेतका प्रतिवादीहरु उपर सवारी चालक अनुमतिपत्रको लागि लिइएका लिखित परीक्षामा सहभागी परीक्षार्थीहरूको परीक्षाको परिणाम फेरबदल गरी/गर्न लगाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुर गरेको तथा लिखित परीक्षामा उत्तरपुस्तिकाहरूको नतिजा/प्राप्तांक सच्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुरसमेत गरेको हुँदा सोही ऐनको दफा ११ र दफा १३ बमोजिम सजायको मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०२।२२ को फैसलाबाट आंशिक सफाई दिएकोले उल्लिखित फैसलाहरु उपर चित्त नबुझी मिति २०८२।१०।०२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने